# विशिष्टीकरण तालिका (Specification grid)

## १. परिचय

शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने महत्त्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र शिक्षाको गुणस्तर अभिवृद्धि हुन सक्दछ । पाठ्यक्रमको सही रूपमा कार्यान्वयन गर्नका लागि प्रभावकारी शिक्षणसिकाइ प्रक्रियाका साथै मूल्याङ्कन प्रणालीको विशेष भूमिका रहेको हुन्छ । तसर्थ पाठ्यक्रमको पूर्ण कार्यान्वयनमा मूल्याङ्कन प्रणाली प्रभावकारी हुन जरुरी हुन्छ ।

पाठ्यक्रमका निर्दिष्ट उद्देश्यहरू पूर्ति भए भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो भने मूल्याङ्कन प्रक्रियालाई योजनाबद्ध तथा प्रभावकारी बनाउने महत्त्वपूर्ण साधनमध्ये विशिष्टीकरण तालिका पनि एक हो । शिक्षाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न मूल्याङ्कन प्रणालीमा सुधार गर्न अत्यावश्यक हुन्छ । मूल्याङ्कन प्रणालीमा सुधार गर्न पाठ्यक्रमका सम्पूर्ण पक्ष समेटेर मूल्याङ्कनका साधन निर्माण गरी मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नु अपरिहार्य हुन्छ । हाम्रो वर्तमान शैक्षिक प्रक्रियामा मूल्याङ्कनको अभिन्न अङ्गका रूपमा परीक्षालाई लिइने गरिएकाले परीक्षाका प्रश्नपत्र निर्माण गर्दा वैज्ञानिक आधार तय गरी प्रश्नपत्र निर्माण गर्नु आवश्यक छ । पाठ्यक्रमका उद्देश्य प्राप्त हुने गरी पाठ्यक्रमका सबै विषयवस्तु समेटेर पाठ्यक्रमद्वारा निर्दिष्ट मूल्याङ्कन प्रक्रिया अपनाई मूल्याङ्कनका साधनका रूपमा परीक्षालाई प्रयोगमा ल्याउन विशिष्टीकरण तालिकाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । परीक्षा सञ्चालन गर्नुअगाडि प्रश्नपत्रहरू बनाउन कुन एकाइ वा पाठबाट कुन प्रकारको प्रश्न सोध्ने, कुन उद्देश्यको मूल्याङ्कन गर्न कस्तो प्रश्नपत्र तयार गर्ने, प्रश्नको अङ्कभार कति दिने, कुन प्रश्नलाई कति समय निर्धारण गर्ने जस्ता कुराहरू विचार गरेर प्रश्नपत्र निर्माण गर्नु आवश्यक हुन्छ । हरेक शिक्षकले परीक्षा सञ्चालन गर्नुअगाडि यिनै कुराहरू समावेश गरी तयार पारिने तालिकालाई नै विशिष्टीकरण तालिका भनिन्छ । यसरी उक्त तालिकामा पाठ्यक्रमका उद्देश्य, विषयवस्तु, अङ्कभार, समय आदिलाई ख्याल गरी कुन एकाइबाट कस्ता र कतिओटा प्रश्नहरू सोध्ने, कुन प्रश्न कति अङ्कको राख्ने, कुन प्रश्नलाई कति समय दिने, प्रश्नमा ज्ञान, सीप र उच्च क्षमतालाई कुनकुन प्रश्नबाट मूल्याङ्कन गर्ने जस्ता कुराहरू समावेश गरिएको हुन्छ । विशिष्टीकरण तालिकाकै अङ्गका रूपमा नमुना प्रश्नपत्र निर्माणकर्ता र उत्तरपुस्तिका परीक्षकका लागि एकप्रकारको मार्गदर्शन वा निर्देशिका पनि हो । त्यस्तै शिक्षकले शिक्षण प्रक्रिया सञ्चालन गर्दा पनि कुन विषयवस्तु, कसरी, कुनै उद्देश्य प्राप्तिका लागि गर्ने भन्ने मार्गनिर्देश पनि यस तालिकाले गर्दछ ।

विशिष्टीकरण तालिकाले शिक्षक तथा प्रश्नपत्र निर्माणकर्तालाई प्रश्नपत्र बनाउँदा विषयवस्तुगत वैधता निर्धारण गर्न निर्देशित गर्दछ । यसमा पाठ्यक्रमको उद्देश्यअनुसार परीक्षा र मूल्याङ्कन प्रतिबिम्बित भएको हुन्छ । परीक्षाको स्तरीकरण, एकरूपता र वैधताका लागि विशिष्टीकरण तालिकाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसमा सिकाइका सम्पूर्ण पक्ष समेटिएको हुनुपर्छ । पाठ्यक्रमका सम्पूर्ण क्षेत्रबाट प्रश्न निर्माण गर्न सकिने गरी ज्ञान, बोध र अन्य तहका प्रश्नहरू निर्माण गर्न, प्रश्न सङ्ख्या, समय र अङ्क निर्धारण गर्न तथा मूल्याङ्कन गर्ने प्रक्रियासमेतलाई निर्धारण गर्ने हुँदा शिक्षणसिकाइ प्रक्रियामा यसको अहम् भूमिका रहेको हुन्छ ।

कुनै पनि विषयको पाठ्यक्रमअनुसार विशिष्टीकरण तालिका फरकफरक ढङ्गले निर्माण गर्न सकिन्छ । त्यस्तै विषयको प्रकृति र स्वरूपअनुसार पनि विशिष्टीकरण तालिका निर्माण हुन सक्दछ । तैपनि सामान्यतया विशिष्टीकरण तालिका निर्माण गर्दा निम्नलिखित कुराहरूमा विचार गर्न आवश्यक हुन्छ :

(क) पाठ्यक्रमका साधारण र विशिष्ट उद्देश्यहरू (ज्ञान, सीप अभिवृत्ति पक्ष)

(ख) विषयवस्तुका क्षेत्र र विधाहरू

(ग) सिकाइका विभिन्न तहहरू सम्झाइ, बुझाइ, प्रयोग, विश्लेषण, संयोजन आदि पक्षहरू

(घ) पाठ्यक्रमद्वारा निर्दिष्ट पाठ्यभार र विषयवस्तुको व्यापकता

(ङ) परीक्षामा सोधिने प्रश्नका प्रकार, प्रश्नका स्तर, प्रश्नका सङ्ख्या, अङ्कभार र समय

(च) प्रश्न निर्माणका लागि स्पष्ट मार्गनिर्देशन

(छ) विशिष्टीकरण तालिकाअनुसारको नमुना प्रश्नपत्र एवम् त्यसको उत्तरकुञ्जिका ।

## २. प्रश्नपत्र निर्माण गर्दा प्रयोग हुने मुख्य क्रियापदहरू

प्रश्नपत्र निर्माण गर्दा प्रश्नलाई मापनीय, वस्तुगत, विश्वसनीय र वैध बनाउन धेरै कुरामा ध्यान पुऱ्याउन आवश्यक हुन्छ । त्यस्तै ज्ञान, बोध र अन्य तहका प्रश्नहरू निर्माण गर्न निश्चित क्रियापदहरूको प्रयोग गर्नुपर्दछ । तसर्थ प्रश्नपत्र निर्माण गर्दा कुन तहको प्रश्नमा कस्ता क्रियापद प्रयोग गर्न उपयुक्त भन्ने जानकारीका लागि यहाँ केही क्रियाहरू उदाहरणस्वरूप प्रस्तुत गरिएको छ ।

**(क)** **संज्ञान तहका क्रियापदहरू** : ज्ञान तहका प्रश्नमा विषयवस्तुको ज्ञानलाई जोड दिइने हुनाले त्यसअनुरूपका क्रियापदहरू राखी प्रश्न निर्माण गर्नुपर्दछ । जस्तैः परिभाषा दिनु, व्याख्या गर्नु, पहिचान गर्नु, सूची तयार गर्नु, तुलना गर्नु, नाम दिनु, रेखाङ्कन गर्नु, उल्लेख गर्नु, लेख्नु आदि ।

**(ख)** **बोध तहका क्रियापदहरू** : कुनै पनि विषय अध्ययन गरेर, सुनेर वा पढेर बुझ्ने क्षमता वा सीप नै बोध गर्ने क्षमता पनि यसमा पर्दछ । तसर्थ यस खालको प्रश्नमा छुट्याउनु, देखाउनु, छान्नु, सूचित गर्नु, रूपान्तर गर्नु, निर्णय दिनु, पुष्टि गर्नु, उदाहरण दिनु, व्याख्या गर्नु, तुलना गर्नु जस्ता क्रियापद प्रयोग गरी प्रश्न निर्माण गर्नुपर्दछ ।

**(ग)** **अन्य तहका क्रियापदहरू** : ज्ञान, बोधभन्दा उच्च दक्षता र व्यावहारिक समस्या समाधान गर्ने सीपसँग सम्बन्धित प्रश्नका तहलाई यहाँ अन्य तह भनिएको हो । यस तहमा सामान्य ज्ञान र बुझ्नेभन्दा उच्च दक्षता र क्षमताको परीक्षण गरिने हुनाले त्यस्तै खालका क्रियापदहरू प्रश्नपत्रमा प्रयोग गरिनुपर्दछ । जस्तैः परिवर्तन गर्नु, प्रदर्शन गर्नु, खोज गर्नु, सुधार गर्नु, व्याख्या गर्नु, तयार गर्नु, सम्बन्ध देखाउनु, समाधान गर्नु, विभाजन गर्नु, फरक देखाउनु, छनोट गर्नु, विस्तार गर्नु, निर्माण गर्नु, पुनर्लेखन गर्नु, सारांश लेख्नु, विवेचना गर्नु, विश्लेषण गर्नु, समीक्षा गर्नु, पुष्टि गर्नु, मूल्याङ्कन गर्नु, छलफल गर्नु, चित्र बनाउनु, सिर्जना गर्नु आदि ।

## ३. विशिष्टीकरण तालिकाको प्रयोग

वर्तमान मूल्याङ्कन प्रक्रियामा सुधार गरी पाठ्यक्रमको मूल्याङ्कन प्रक्रियाअनुरूप विशिष्टीकरण तालिका निर्माण गर्ने, विशिष्टीकरण तालिकाअनुसार नमुना प्रश्नपत्र बनाई परीक्षा सञ्चालन गर्ने र तदनुरुप शिक्षक

तथा विद्यार्थीहरूमा यसको प्रयोग गर्दै जाने बानी बसाल्नु आज अपरिहार्य भइसकेको छ । पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्नका लागि विशिष्टीकरण तालिकाको निर्माण गरी सम्पूर्ण पक्षलाई समेट्ने गरी प्रश्नपत्र तयार गरी सोअनुसार परीक्षा सञ्चालन एवम् परीक्षण र पृष्ठपोषण गर्न अत्यावश्यक भएकाले यसको महत्त्वपूर्ण भूमिका रहेको छ । मूलत: विशिष्टीकरण तालिकाको प्रयोग निम्नलिखित कार्यका लागि गर्न सकिन्छ :

(क) **शैक्षणिक योजना निर्माण गर्न** : हरेक प्रकारका शैक्षणिक योजना निर्माण गर्न विशिष्टीकरण तालिकाले सहयोग पुऱ्याउँछ । विद्यार्थीहरूका सिकाइउपलब्धि मापन गर्न आवश्यक मूल्याङ्कन सामग्री कस्तो खालको, कति भारको हुने र प्रश्न सङ्ख्या जस्ता कुराहरू अध्यापन योजनामा राख्न सहयोग पुग्ने हुँदा मूल्याङ्कनको अभिन्न अङ्गका रूपमा योजना निर्माणमा विशिष्टीकरण तालिकाको प्रयोग गर्नुपर्दछ ।

(ख) **उपयुक्त प्रश्नपत्रको निर्माण गर्न** : एक निश्चित समयावधिभित्र पाठ्यक्रम वा उद्देश्यअनुरूप विद्यार्थीहरूका सिकाइउपलब्धि मूल्याङ्कन गर्न सिकाइका तहअनुरूप प्रश्नहरूका निश्चित प्रकार र सङ्ख्या, अङ्कभार, समय आदि यसमा राखिने हुँदा प्रश्नपत्र निर्माण गर्न यसले सघाउँछ । तसर्थ मूल्याङ्कनलाई प्रभावकारी रूपमा प्रयोग गर्न यसले सघाउँछ ।

(ग) **विद्यार्थीहरूको सिकाइमा अभिवृद्धि गर्न** : यस तालिकामा सिकाइका कुनकुन तहहरूलाई मापन गर्ने र हरेक तहका सिकाइलाई कति भार दिने भन्ने जस्ता कुराहरू राखिएको हुन्छ । तसर्थ शिक्षणसिकाइ क्रियाकलापमा यी कुराहरूलाई सामञ्जस्य कायम गराउन सकिएमा विद्यार्थीको सिकाइमा अभिवृद्धि हुन जान्छ । यस तालिकामा ज्ञान, बोध, व्यावहारिक सीप तथा उच्च दक्षता मापन गर्ने गरी प्रश्नहरू तहअनुसार निर्माण गर्ने प्रक्रिया उल्लेख हुने हुनाले पनि यस तालिकाको प्रयोग सही रूपमा भएमा विद्यार्थीको सिकाइ अभिवृद्धिमा सहयोग पुग्न जान्छ ।

माथि उल्लेख गरिएका आधारमा बुँदागत रूपमा विशिष्टीकरण तालिकाले शिक्षक, विद्यार्थी र प्रश्नपत्र निर्माणकर्तालाई परीक्षा र मूल्याङ्कन कार्य सञ्चालन गर्न निम्नानुसारको सहयोग पुऱ्याउँछ :

- पाठ्यक्रमका उद्देश्य एवम् विषयवस्तुका सम्पूर्ण क्षेत्र र विधा समेटेर प्रश्न निर्माण गर्न
- समय, पूर्णाङ्क तथा प्रश्न सङ्ख्या यकिन गर्न
- कुन विधा वा क्षेत्रबाट कस्ता र कति प्रश्न निर्माण गर्ने भन्नेबारेमा निर्देश गर्न
- सबै सीप र दक्षता समेट्ने गरी प्रश्नपत्र निर्माण गर्न
- प्रश्नपत्र निर्माणकर्ता र शिक्षकलाई पथप्रदर्शन गर्न
- प्रश्नपत्रलाई वैज्ञानिक र व्यवस्थित बनाई एकरूपता ल्याउन
- परीक्षामा विश्वसनीयता ल्याउन र विद्यार्थीविद्यार्थीबीचको उपलब्धि तुलना गर्न
- पाठको उद्देश्य र विद्यार्थीको उपलब्धिका बीच तुलना गर्न
- विद्यार्थीमा सम्पूर्ण क्षेत्र र विधा समेटेर पढ्ने बानीको विकास गर्न
- शैक्षणिक योजना निर्माणमा मूल्याङ्कनका प्रश्न तय गर्न

यसरी माथि उल्लेख भएका बुँदाले विशिष्टीकरण तालिकाको प्रयोग र महत्त्वलाई स्पष्ट पार्दछ ।

# एसएलसी परीक्षा
# विशिष्टीकरण तालिका - २०६५
# अनिवार्य नेपाली

**परिचय**

माध्यमिक शिक्षा पाठ्यक्रम २०५५, अनुसार विगतका एसएलसी परीक्षाहरू कक्षा ९ र १० को संयुक्त पाठ्यक्रमबाट लिइँदै आएकामा २०६३ सालदेखिको एसएलसी परीक्षा कक्षा १० को पाठ्यक्रमबाट लिने नेपाल सरकारको निर्णयअनुसार एसएलसी परीक्षाको तत्कालको विशिष्टीकरण तालिकामा परिमार्जन गरी कक्षा १० को पाठ्यक्रमबाट एसएलसी परीक्षा सञ्चालन हुँदै आएकामा परिमार्जित माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार विशिष्टीकरण तालिकामा पनि परिमार्जन गर्न आवश्यक भएकाले नेपाली विषयको यो विशिष्टीकरण तालिका तयार गरिएको हो ।

माध्यमिक तहको अनिवार्य नेपाली विषयको मूल उद्देश्य विद्यार्थीमा भाषिक सीप विकास गराउनु रहेकाले मूल्याङ्कनलाई पाठ्यक्रममा आधारित बनाई भाषिक सीप तथा विद्यार्थीको सिर्जनात्मक क्षमताको परीक्षणलाई बढी जोड दिइएको छ । विशिष्टीकरण तालिकामा कक्षा १० मा रहेका कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी र दैनिकी जस्ता विधाका पाठगत प्रश्नहरूका अतिरिक्त ती विधासम्बद्ध व्याकरण र भाषिक सीप विकास एवम् सिर्जनात्मक लेखन शिल्पको परीक्षणका लागि आवश्यक प्रश्नहरू समावेश हुने व्यवस्था गरिएको छ । यसका लागि परीक्षणीय सीपको विशिष्टीकरण गर्दा ज्ञान, बोधलाई भन्दा व्यावहारिक सीप र उच्च दक्षताको परीक्षणलाई बढी जोड दिइएको छ ।

५ टेबल छ है, नभुल्नुहोला ।

५ टेबल छ है, नभुल्नुहोला ।

# **नमुना प्रश्न**

समय : तीन घण्टा

पूर्णाङ्क :१००

उत्तीर्णाङ्क : ३२

प्रश्न नं. १. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् : (४)

| 'क' | 'ख' |
|---|---|
| (अ) सूत्रपात | तिर्खा |
| (आ) धड्कन | गल्ती |
| (इ) भाका | हैरान |
| (ई) मुक्ति | पछ्यौतो |
| (उ) प्रणेता | सपूत |
| (ऊ) कसुर | म्याद |
| (ऋ) आजित | प्रारम्भ |
| (ए) तृष्णा | छुटकारा |
| | ढुकढुकी |
| | निर्माता |
| | परिपाटी |

**प्रश्न नं. २. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :** **(३)**

(क) ...............................अनेकार्थी शब्द हो । (कसार, कछाड, कपास)

(ख) 'हार' शब्दको अर्थ ................. होइन । (पराजय, माला, प्रहार)

(ग) 'भानु' को पर्यायवाची शब्द ................ हो । (रवि, राशि, निशा)

(घ) 'कुसुम'को पर्यायवाची शब्द ................. हो । (सुमन, गमन, मनन)

(ङ) 'उदार' को विपरीतार्थी शब्द ................. हो । (दयालु, सङ्कीर्ण, दानी)

(च) दिन-दीन,..........................शब्द हुन् । (अनेकार्थक, श्रुतिसमभिन्नार्थी, लघुतावाची)

**प्रश्न नं. ३. अर्थ स्पष्ट हुने गरी गरी वाक्यमा प्रयोग गर्नुहोस् :** **(५)**

पिटिक्क, शल्यक्रिया, नमच्चिने पिङको सय झट्का, खुट्टो घुमाउनु, क्यारे

प्रश्न नं. ४.(क) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् : (३)

विश्व मानचित्रमा नेपाल सानो देखीए ता पनि यो सून्दर शान्त र रमणीय परयटकीय मुलुकका रूपमा सुपरिचित छ

(ख) तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् : (२)

(अ) (i) सम्बीधान (ii) संविधान (iii) शंविधान (iv) षम्विधान

(आ) (i) विशुद्ध (ii) बिशुद्ध (iii) बिसुद्ध (iv) वीशुद्ध

(इ) (i) पन्चामृत (ii) पञ्चामृत (iii ) पङ्चामृत (iv) पंचामृत

(ई) (i) बुद्धीजीवी (ii) बुद्धिजिवी (iii) वुद्धिजीवी (iv) बुद्धिजीवी

प्रश्न नं. ५. रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् : (४)

**<u>जीवन</u>** वसन्तका गीत **<u>गाएर</u>** मात्र बित्दो **<u>रहेनछ</u>** **<u>किनभने</u>** **<u>यस</u>**ले **<u>त</u>** शिशिरको **<u>उजाड</u>** र उदास अनुभूति**<u>सँग</u>** पनि रम्नुपर्दो रहेछ ।

प्रश्न नं. ६.(क) तलका उपसर्ग र प्रत्यय लगाई एकएकओटा शब्द बनाउनुहोस् : (२)

उपसर्ग : अप, बे

प्रत्यय : अक्कड, ले

(ख) समास वा विग्रह गर्नुहोस् : (२)

पूजाकोठा, सानिमा, पञ्च अमृतको समूह, सयपत्र छन् जसमा

प्रश्न नं. ७. कोष्ठकमा दिइएका धातु सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् : (५)

(क) साथीहरू अहिले .................. । (खेल् : अपूर्ण वर्तमान)

(ख) रोचनाले परीक्षा ...................... । (दि : पूर्ण भूत)

(ग) सबै विद्यार्थी उत्तीर्ण................... । (हु : सामान्य भविष्यत्)

(घ) तिमी र म सँगै काम.................. । (गर् : इच्छार्थ)

(ङ) तिमीहरू मिलेर स्कुल ................ । (जा : आज्ञार्थ)

प्रश्न नं. ८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (५)

(क) जनताले महिला र जनजातिलाई जिताए । (कर्मवाच्य)

(ख) फतिमाले परीक्षामा राम्रो अङ्क ल्याइछन् । (अकरण)

(ग) तँ घर जान्छस् । (स्त्रीलिङ्ग)

(घ) जसले परिश्रम गर्छ उसले फल पाउँछ । (सरल वाक्य)

(ङ) अनुजा गृहकार्य गर्थी । (प्रेरणार्थक)

*(अथवा यस्तो पनि सोध्न सकिने छ ।)*

**एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**

लक्ष्मीप्रसाद देवकोटा कवि थिए । देवकोटा कथाकार थिए । देवकोटा निबन्धकार थिए । देवकोटा उपन्यासकार थिए । देवकोटा महान् प्रतिभा थिए ।

**प्रश्न नं. ९. तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (५)

आफ्नो विश्वास आफैँले गर्न सक्नु नै आत्मविश्वास हो । आत्मविश्वासी व्यक्तिको जीवन सफल हुन्छ । सफलता र आत्मविश्वासका बीचमा नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । जीवनमा आइपर्ने विभिन्न समस्या समाधान गरी आफूलाई सफल मानिस सावित गर्न आत्मविश्वासी बन्नुपर्दछ । आत्मविश्वासी बन्न प्रत्येक व्यक्तिमा साहस, धैर्य र सकारात्मक सोच चाहिन्छ । मानिसको जीवनमा अनेक समस्याहरू आइपर्दछन् । तर पनि त्यस्ता समस्याहरूको समाधान गर्न मानिस सक्षम हुनुपर्दछ । आत्मविश्वास लिन सकेमा हरेक प्रकारका समस्याबाट मुक्त हुन सकिन्छ । मानिसले जीवनमा आइपर्ने कठिनाइलाई समाधान गर्न हिम्मतको साथ लिनुपर्दछ । आत्मविश्वास भएमा जस्तासुकै समस्या पनि सहजै समाधान हुन्छन् । आत्मविश्वासी व्यक्ति उत्साही हुन्छ र उसको मनोबल सदा उच्च रहन्छ । यसैबाट उसको जीवन सार्थक हुन्छ तर आत्मविश्वास कमजोर भएको व्यक्ति जीवनमा आइपर्ने समस्या र अरूको दुर्व्यवहारबाट खिन्न र दुःखी हुन्छ । यसबाट उसमा नकारात्मक सोच विकास हुन्छ । नकारात्मक सोचले खराब विचारहरूको सिर्जना हुन्छ । सफलताको सबैभन्दा ठूलो शत्रु भनेकै आत्मविश्वासको कमी हो । विवेकयुक्त लगनशील आत्मविश्वासबाट मात्र विफलतालाई जित्न सकिन्छ भन्ने कुरा हरेक व्यक्तिले बुझ्नु जरुरी छ ।

प्रश्नहरू

(क) सफलता र आत्मविश्वासको सम्बन्ध कस्तो हुन्छ ?

(ख) आत्मविश्वासी बन्न केके कुरा चाहिन्छ ?

(ग) सफलताको शत्रु के हो ?

(घ) कस्तो व्यक्ति जीवनमा सुखी हुन्छ ?

(ङ) 'धैर्य' र 'हिम्मत' शब्दको अर्थ लेख्नुहोस् ।

**प्रश्न नं. १०. तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :** (२+३ = ५)

इमानसिंह चेमचोङ लिम्बूवान र खम्बूवान क्षेत्रका प्रत्येक गाउँगाउँमा डुलेर किराती भाषा, इतिहास, धर्म, संस्कृतिको खोजी गर्ने कार्यमा लाग्न थाले । करिब दस वर्षसम्म ती क्षेत्रमा रहेर सामाजिक कुरीतिको उन्मूलन गरी समाजसुधारका साथै शिक्षाको प्रचार गर्ने कार्यमा उनी लागे । अनुसन्धान कार्यमा तल्लीन हुनु परेकाले उनले घरपरिवारलाई बढी समय दिन सकेनन् । आफ्नो संस्कृतिको अस्तित्व रक्षा गरी त्यसलाई जीवन्त बताउनु नै उनको जीवनको लक्ष्य थियो । यही लक्ष्य प्राप्तिका लागि उनी रातदिन निद्रा, भोक, थकाइ, केही नभनी क्रियाशील हुन थाले । उनी आफ्नो सनातन धर्मप्रति खुबै आस्था राखी दैनिक पाठपूजा र जपध्यान गर्थे । उनी सत्यको पक्ष लिने एक कर्मयोगी थिए । उनले जीवनको धेरै वर्ष शिक्षण पेसामा बिताए पनि उनको व्यक्तित्वको महत्त्वपूर्ण पाटो भने किराती वाङ्मय र संस्कृतिको सुदृढीकरण गर्नु नै थियो ।

प्रश्न नं. ११. तलकामध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (५)

(क) दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :

एउटा जङ्गलमा हात्ती र बाँदर सँगै मिलेर बस्नु र सँगै खानेकुरा खोज्नु --- एकदिन "को ठूलो" भन्ने विषयमा झगडा पर्नु --- लाटोकोसेरालाई झगडा छिनिदिन अनुरोध गर्नु --- लाटोकोसेराले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु --- खोलो तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु --- खोलो तर्नु --- नरिवलको रूख ज्यादै अग्लो हुनु --- हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन अह्राउनु --- बाँदरलाई नरिवल बोक्न अप्ठेरो हुनु --- हात्तीले मुखमा च्याप्नु --- लाटोकोसेराले नरिवल कसरी ल्यायौ भनी सोध्नु --- दुवैले समान कार्य गरेकाले दुवै आ-आफ्ना काममा ठूला छौ भनी लाटोकोसेराले बताउनु --- पहिले जस्तै मिली जङ्गलमा बस्न थाल्नु ।

(ख) दिइएको बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक राख्नुहोस् :

नाम : फ्लोरेन्स नाइटिङ्गेल

जन्ममिति : सन् १८२० मे १५

पिता : विलियम नाइटिङ्गेल

माता : फेनी स्मिथ नाइटिङ्गेल

- प्राणी मात्रको सेवामा रमाउने बानी
- नर्स बन्ने उत्कट इच्छा
- सन् १८४४ मा जर्मनीमा नर्स कोर्समा भर्ना भई अध्ययन
- महिलाहरूलाई नर्स कोर्सका बारेमा प्रशिक्षण
- ज्यादै परिश्रमका कारण आँखाको ज्योति गुम्नु
- दया, करुणा, सेवा आदि सद्गुणले युक्त समाजसेविका
- क्रिमियाको स्कुटारी अस्पतालमा युद्धमा घाइते सिपाहीहरूलाई निस्वार्थ सेवा गरेबापत् हातमा बत्ती लिएकी महिलाको नामले प्रसिद्ध
- बिरामीहरूद्वारा सम्मानित तथा नर्स पेसालाई मर्यादित बनाउने स्वास्थ्यकी देवी
- सेन्ट टमस नर्स ट्रेनिङ अस्पतालको स्थापना
- बेलायत सरकारद्वारा 'अर्डर द मेरिट' को उपाधि प्रदान
- इटली सरकारद्वारा उनको जन्मस्थललाई उनकै नामबाट नामकरण
- संसारभरि सेवाकी प्रतिमूर्ति र प्रेरणाकी स्रोत बनेकी विश्वप्रसिद्ध नाइटिङ्गेलको ९० वर्षको दीर्घ उमेरमा देहावसान

प्रश्न नं. १२. 'शिक्षा नै चेतनाको मुहान हो' भन्ने कुरा दर्साउँदै सहरमा पढ्न बसेको छोरालाई उचित सल्लाहसमेत दिई आमाले लेख्ने चिठी तयार पार्नुहोस् । (५)

प्रश्न नं. १३. तलकामध्ये कुनै *एक* प्रश्नको उत्तर दिनुहोस् : (५)

(क) विपक्षको मतको खण्डन गर्दै 'अधिकारभन्दा कर्तव्य नै ठूलो' भन्ने वादविवादको विषयमा पक्षका तर्फबाट आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ख) 'विकासमा महिला सहभागिता' भन्ने विषयमा संवाद तयार पार्नुहोस् ।

प्रश्न.नं १४. कुनै *एक* शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् : (१०)

(क) विद्युतीकरण र उद्योग

(ख) विद्यालय शान्ति क्षेत्र

(ग) नयाँ नेपाल निर्माणमा मेरो भूमिका

प्रश्न नं. १५. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् : (५)

(क) हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन देश दुईचार सपूत मरेर नगए

(ख) देश र जनताको सेवा गर्नलाई पद नै चाहिन्छ भन्ने छैन ।

प्रश्न नं. १६. कुनै *दुई* प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : (१०)

(क) 'वैशाख' कवितामा नेपाली समाजको कस्तो चित्र उतारिएको छ ?

(ख) 'घरको माया' एकाङ्कीले दिने मूल सन्देश के हो ?

(ग) जयपृथ्वीबहादुर सिंहको जीवनीबाट पाइने प्रेरणा लेख्नुहोस् ।

प्रश्न नं. १७. 'कर्तव्य' कथाको श्रीधर भएको भए तपाईँ कस्तो भूमिका निर्वाह गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् । (५)

प्रश्न नं. १८. तलका कुनै *एक* प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : (१०)

(क) 'भोलिवादी प्रवृत्ति नै हाम्रो समाज विकासको बाधक हो ' भन्ने भनाइलाई 'जय भोलि' निबन्धको आधारमा पुष्टि गर्नुहोस् ।

(ख) 'दोषी चस्मा' कथामा तत्कालीन व्यवस्थाको सामान्य कर्मचारीको केकस्तो मनोदशाको विश्लेषण गरिएको छ ?

## उत्तरपुस्तिका परीक्षण कुञ्जिका

प्रस्तुत परीक्षण कुञ्जिका उत्तरपुस्तिका परीक्षणका लागि मार्गनिर्देशन हो । परीक्षकले वस्तुगत प्रश्नका उत्तर ठीक भएमा पूर्णाङ्क प्रदान गर्नुहोस् र वर्णविन्यास नमिलेमा थोरै अङ्क घटाउनुहोस् । उत्तरअनुसार लेखनको स्तरीयता हेरी अङ्क दिनुहोस् र अङ्क दिँदा कञ्जुस्याइँ नगर्नुहोस् । स्तरअनुसार सही, स्पष्ट, उपयुक्त र स्तरीय मूल्याङ्कन गर्नुहोस् । उत्तरपुस्तिकाको परीक्षणका लागि यो कुञ्जिका मूल आधार भए तापनि परीक्षकले उत्तरको स्तर हेरी विद्यार्थीले दिएको उत्तरमा मौलिकता भएमा विवेक पुऱ्याई अङ्क प्रदान गर्नुहोस् ।

१. **शब्दार्थ :** दिइएका शब्दको सही जोडा मिलाएमा ०.५ का दरले अङ्क प्रदान गर्ने ।

(अ) सूत्रपात = प्रारम्भ

(आ) धड्कन = ढुकढुकी

(इ) भाका = म्याद

(ई) मुक्ति = छुटकारा

(उ) प्रणेता = निर्माता

(ऊ) कसुर = गल्ती

(ऋ) आजित = हैरान

(ए) तृष्णा = तिर्खा

२. **शब्दज्ञान :** कोष्ठकमा दिइएका शब्दहरूमध्ये मिल्ने शब्द छानेर खाली ठाउँ भरी पूरा गरिएको वाक्यलाई ०.५ का दरले अङ्क प्रदान गर्ने ।

(क) कछाड (ख) प्रहार (ग) रवि

(घ) सुमन (ङ) सङ्कीर्ण (च) श्रुतिसमभिन्नार्थी

३. **वाक्यमा प्रयोग :** अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग भएकोमा र वाक्यको बनोट पनि शुद्ध भए एक वाक्यका लागि एक अङ्कका दरले अङ्क प्रदान गर्ने ।

४. **शुद्धीकरण : (क)** प्रति अशुद्धि सच्चाएबापत ०.५ का दरले ३ अङ्क प्रदान गर्ने ।

**शुद्धरूप :** विश्व मानचित्रमा नेपाल सानो देखिए तापनि यो सुन्दर, शान्त र रमणीय पर्यटकीय मुलुकका रूपमा सुपरिचित छ ।

*(द्रष्टव्य : शुद्ध शब्दलाई अशुद्ध पारेको भए अङ्क घटाउने ।)*

(ख) दिइएका समूहमध्येका प्रति शुद्ध शब्दका लागि ०.५ का दरले अङ्क दिने

शुद्ध शब्द : (अ) संविधान (आ) विशुद्ध (इ) पञ्चामृत (ई) बुद्धिजीवी

५. **शब्दवर्ग :** रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याई शुद्धसँग लेखेमा प्रत्येकको ०.५ का दरले अङ्क प्रदान गर्ने ।

| | | |
|---|---|---|
| जीवन | = | नाम |
| गाएर | = | क्रियायोगी |
| रहने छ | = | क्रियापद |
| किनभने | = | संयोजक |
| यसले | = | सर्वनाम |
| त | = | निपात |
| उजाड | = | विशेषण |
| सँग | = | नामयोगी |

६. **शब्दनिर्माण : (क)** दिइएका उपसर्ग र प्रत्यय लगाई बनाइएका प्रत्येक सही शब्दका लागि ०.५ का दरले अङ्क प्रदान गर्ने ।

**शब्द निर्माणका लागि**

उदाहरण : अप + वाद = अपवाद बे + ठीक = बेठीक

बोल् + अक्कड = बोलक्कड गाउँ + ले = गाउँले

(ख) समास वा विग्रह गरी लेखेमा प्रति एकको लागि ०.५ अङ्क दिने

| | | |
|---|---|---|
| पूजाकोठा | = | पूजाको कोठा |
| सानिमा | = | सानी आमा |
| पञ्च अमृतको समूह | = | पञ्चामृत |
| सयपत्र छन् जसमा | = | सयपत्री |

७. **काल, पक्ष र भाव :** कोष्ठकमा दिइएका सङ्केतका सहायताले खाली ठाउँ भरी वाक्य पूरा गरिएका शुद्ध रूपलाई एक अङ्कका दरले अङ्क प्रदान गर्ने ।

(क) साथीहरू अहिले खेल्दै छन् ।

(ख रोचनाले परीक्षा दिएकी थिई ।

(ग) सबै विद्यार्थीहरू उत्तीर्ण हुने छन् ।

(घ) तिमी र म सँगै काम गरौँ ।

(ङ) तिमीहरू मिलेर स्कुल जाओ ।

८. **वाक्य परिवर्तन :** कोष्ठकमा दिइएका सङ्केतका सहायताले वाक्य परिवर्तन गरिएका शुद्ध रूपलाई एक अङ्कका दरले अङ्क प्रदान गर्ने ।

(क) जनताद्वारा महिला र जनजाति जिताइए ।

(ख) फतिमाले परीक्षामा राम्रो अङ्क ल्याइनछ ।

(ग) तँ घर जान्छेस् ।

(घ) परिश्रम गर्नेले फल पाउँछ ।

(ङ) आमा अनुजालाई गृहकार्य गराउनुहुन्थ्यो ।

वाक्य संश्लेषण : एक वाक्यमा संश्लेषण गरेमा वाक्य संरचना र शुद्धता हेरी ५ अङ्क दिने ।

कवि, कथाकार, निबन्धकार र उपन्यासकार लक्ष्मीप्रसाद देवकोटा महान् प्रतिभा थिए ।

९. **बोध प्रश्नोत्तर :** दिइएको गद्यांशमा व्यक्त विचारका भावनाभन्दा बाहिर नगई दिइएको स्पष्ट, सरल र छोटा (एक वा दुई वाक्यमात्र) उत्तरका लागि १ अङ्कका हिसाबले जम्मा ५ अङ्क दिने । सामान्य अशुद्धि भएमा स्वविवेक प्रयोग गर्ने ।

१०. **बुँदा टिपोट र सारांश :** दिइएको गद्यांशको मुख्यमुख्य कुरा समेटी टिपोट गरिएका चारओटा बुँदाका लागि ०.५ अङ्कका दरले र मुख्य भाव समेटी एक तृतीयांश हुने गरी सारांश लेखेमा भाषिक शुद्धता विचार गरी अङ्क प्रदान गर्ने ।

११. **कथा वा जीवनी लेखन :** जीवनीको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | विषयवस्तुको संयोजन, मौलिकता र शीर्षक | २ |
| (ख) | वाक्यगठन र प्रस्तुतीकरण | २ |
| (ग) | भाषिक शुद्धता | १ |

कथाको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | विषयवस्तुको संयोजन, मौलिकता र शीर्षक | २ |
| (ख) | वाक्यगठन र प्रस्तुतीकरण (कथाको पूर्णता) | २ |
| (ग) | भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | १ |

१२. **चिठी :** चिठीको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | प्रस्तुति (सम्बोधन, अभिवादन, मिति, नाम, ठेगाना र खामको नमुना) | १ |
| (ख) | सम्बन्धित विषयवस्तुको संयोजन र पुस्ट्याइँ | २ |
| (ग) | भाषा, शैली र मौलिकता | १ |
| (घ) | भाषिक शुद्धता(वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | १ |

१३. **वादविवाद र संवाद :** वादविवादको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | सम्बोधन | १ |
| (ख) | सम्बद्ध विषयवस्तुको तार्किक प्रस्तुति | २ |
| (ग) | शैली, शिल्प र मौलिकता | १ |
| (घ) | भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | १ |

संवादको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | स्थान, परिवेश, संवादात्मक स्वरूप | १ |
| (ख) | सम्बद्ध विषयवस्तुको द्वन्द्वात्मक प्रस्तुति र समाधान | २ |
| (ग) | शैली, शिल्प र मौलिकता | १ |
| (घ) | भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | १ |

१४. **निबन्ध** : निबन्धको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | परिचय | १ |
| (ख) | विषयवस्तुको ज्ञान | ३ |
| (ग) | प्रस्तुतीकरण (संयोजन र क्रमबद्धता) | २ |
| (घ) | मौलिकता | २ |
| (ङ) | निष्कर्ष | १ |
| (च) | भाषिक शुद्धता(वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | १ |

१५. **सप्रसङ्ग व्याख्या** : सप्रसङ्ग व्याख्याको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | प्रसङ्ग (लेखकको नाम, पाठको शीर्षक, विधा र पाठगत सन्दर्भ) | १ |
| (ख) | व्याख्या (विषयबोध र प्रस्तुति) | २ |
| (ग) | शैली र मौलिकता | १ |
| (घ) | भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | १ |

**(क) सहिदहरूको सम्झनामा**

- भूपि शेरचनद्वारा रचित सहिदहरूको सम्झनामा शीर्षक कविताबाट उद्धृत पद्यांश
- जनताको सुषुप्त चेतना जगाउन कसैले नेतृत्व दिनुपर्ने वास्तविकताको उद्घाटन
- आकाशका तारा र सहिदलाई एउटै रूपमा हेरिएको
- तारा झरेर गएपछि उज्यालो आउने भएकाले सहिद मरेर गएपछि मात्र देशमा प्रजातन्त्र आउने
- जनतालाई सचेत पार्न र देशलाई गति दिन सहिदहरूको बलिदान अतुलनीय रहेको

**(ख) नेल्सन मन्डेला**

- मातृभूमि सबैका लागि प्रिय
- मानवजीवन महत्त्वपूर्ण
- जीवन सेवामा समर्पण गर्नुपर्ने
- सबै जातजाति, भाषाभाषी र समग्र नेतृत्व क्षमता भए मात्र राजनेता हुन सकिने
- राजनेता सधैँ जनताको सुख दु:खको साथी बन्नुपर्ने
- जनताको सेवा पदमा बसेर वा नबसी पनि गर्न सकिने
- राजनेता मध्येका एक नेलस्न मण्डेला
- आफू राष्ट्रपति भएर आमूल परिवर्तन गरी राजनीतिबाट सन्यास लिएका
- एकतन्त्रीय निरङ्कुश शासनबाट दक्षिण अफ्रिकी जनतालाई मुक्त गराई विश्वमा सन्देश दिने राजनेता
- अन्य देशका नेताका लागि प्रेरणा स्रोत

१६. **पाठगत प्रश्नोत्तर** : पाठगत प्रश्नोत्तरको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | विषयवस्तुको ज्ञान | २ |
| (ख) | प्रस्तुति तथा मौलिकता | २ |
| (ग) | भाषिक शुद्धता | १ |

**(क) वैशाख (कविता)**

- माधव घिमिरेद्वारा रचित कविता
- वसन्त ऋतुको आगमन सँगसँगै प्रकृति र मानवसमाजमा नवीनता देखा परेको
- गोठालाले वनवन डुल्दै सुसेली हाल्न थालेको
- गुर्सिनीले गुराँस, नेवार्नीले मधुसुमन र भोटेनीले बुकीफूल सिउरिएको
- डाँडाकाँडा हरिया देख्नु र अनेकौँ फूलहरू फुली सामाजिक वातावरण नै मनमोहक देखिएको
- नेपाली समाजको सुन्दर र आकर्षक चित्र प्रस्तुत गरिएको
- ग्रामीण नेपाली समाज र प्रकृतिको कलात्मक चित्र उतारिएको

**(ख) घरको माया (एकाङ्की)**

- भीमनीधि तिवारीद्वारा लेखिएको
- जन्मभूमिभन्दा अरू ठाउँ ठूलो नहुने
- पैसा र सुखको लोभमा परेर घर छोड्न नहुने

- आफ्नो श्रम र सीप आफ्नै देशको माटोमा खन्याउनुपर्ने
- अरूको लाखभन्दा आमाको काख प्यारो र ठूलो मान्नुपर्ने
- बिदेसिएका र बिदेसिन लागेका नेपाली दाजुभाइ दिदी बहिनीलाई स्वदेशमा नै बस्नका लागि प्रेरणा दिइएको

**(ग) जयपृथ्वीबहादुर सिंह (जीवनी)**

- दयालु एवम् उदार स्वभाव
- सधैँ देश र जनताको भलाइका निम्ति लागि पर्ने व्यक्तित्व
- नेपाली भाष र साहित्यको फाँटलाई आफू जहाँ रहेर भए पनि मद्दत गर्नुपर्ने
- शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा समयसापेक्ष सुधार गरेर मात्र समाज र राष्ट्रको उन्नति गर्न सकिने
- परोपकार र समाजसेवाबाट नै जातजाति धर्म र सम्प्रदायको विकास गर्न सकिने
- प्रत्येक नागरिकको धर्म देशको उन्नति हो भन्ने बिर्सन नहुने
- सधैँ सादा जीवन र उच्च विचार लिएर शान्ति सहिष्णुता र भ्रातृत्वको भावनालाई विश्वभर फैलाउन कोसिस गर्नुपर्ने

१७ **तार्किक शील्प :** यस प्रश्नको उत्तर मूल्याङ्कनका लागि निम्नानुसारका आधारलाई ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | विषयवस्तु बोध | १ |
| (ख) | प्रस्तुतीकरण | १ |
| (ग) | सिर्जनात्मकता/कल्पनाशीलता तथा तार्किकता | २ |
| (घ) | भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | १ |

१८. **विवेचनात्मक प्रश्न :** विवेचनात्मक प्रश्नको मूल्याङ्कनमा निम्नलिखित कुराहरूमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | रचनाकारको परिचय सङ्केत | १ |
| (ख) | विषयवस्तुको ज्ञान | ३ |
| (ग) | विवेचनात्मकता | २ |
| (घ) | शैली र मौलिकता | २ |
| (ङ) | भाषिक शुद्धता (वर्णविन्यास, वाक्यगठन, चिह्नप्रयोग, पदसङ्गति) | २ |

**(क) जय भोलि (नबन्ध)**

- भैरव अर्यालको परिचय
- भैरव अर्यालद्वारा रचित हास्यव्यङ्ग्यात्मक निबन्ध
- भोलिवादी प्रवृत्तिले नेपाली समाजमा भित्रिएको अल्छी प्रवृत्तिप्रति तीखो व्यङ्ग्य गरेको
- पुरानो समयदेखि चलिआएको भोलिवादी प्रवृत्तिले समाज पछि परेको
- समाजका हरेक क्षेत्र भोलिवादी प्रवृत्तिबाट ग्रसित
- समाजदेखि राजनीति र संस्कृतिदेखि संस्कारसम्म भोलिवादी प्रवृत्तिको भन्डाफोर
- एक्काइसौँ शताब्दीमा पनि हाम्रो समाज पुरातनवादी भएको स्पष्टोक्ति
- उन्नतिका लागि भोलिवादी प्रवृत्ति त्याग्नुपर्ने सन्देश

**(ख) दोषी चस्मा (कथा)**

- कथाकारको सामान्य परिचय र विशेषता
- चरित्र प्रधान, मनोवैज्ञानिक कथा
- राणाकालीन परिवेशमा रचना गरिएको कथा, मानवीय संवेगलाई विश्लेषण गरिएको,
- केशवराजलाई एक सामान्य कर्मचारीको रूपमा चित्रण गरिएको
- जर्साहेवको (हाकिम)को चाकरीमा धाउने प्रवृत्तिको भएका व्यक्ति
- परजीवीझैँ रहेका, डरपोक कर्मचारी (कमजोर मनस्थिति भएका)
- चाकरीको भरमा जीवनलाई सुधार्ने चाहना राख्ने व्यक्ति
- ठूलाबडा वा राणा परिवारबाट दिइएको उपहार तथा दण्डलाई सहर्ष स्विकार्नुपर्ने बाध्यात्मक परिस्थिति
- मानसिव तनाव उत्पन्न भएको
- चस्मा र पत्नीसँग रिसाएका
- पत्नीको सल्लाहअनुसार माफी माग्न गएका
- वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ भने झैँ कमजोर मनस्थिति भएका केशवराजलाई पिर परेको
- सामान्य कर्मचारीको निरीह अवस्थाको वर्णन गरिएको